# 'स्वच्छ खाना : उत्कृष्ट व्यापार' गर्न काठमाडौं महानगरको आग्रह




■ सौर्य समाचार

काठमाडौं । नेपालीहरूको दोस्रो ठुलो पर्व तिहार नजिकिँदै गर्दा काठमाडौं महानगरपालिकाले बजार अनुगमनलाई तीव्र बनाउँदै उपभोक्तालाई स्वच्छ खाना उपलब्ध गराउन सम्बन्ध भएको सबैलाई आग्रह गरेको छ । महानगरभित्रका मिठाइ व्यवसाय सञ्चालक तथा व्यवसायसँग सम्बन्धित श्रमिकप्रति लक्षित गर्दै कामपाले आग्रह गरेको हो ।

'महानगरको 'स्वच्छ खाना : उत्कृष्ट व्यापार' भन्ने मूलमन्त्रलाई आत्मसात् गर्नुस्,' महानगरको कृषि तथा पशुपक्षी विभागका प्रमुख नूरनिधि न्यौपानेले भने, 'तिहारमा अघिका प्रयोग गरिने मिठाइजन्य खाद्य वस्तुलाई सुरक्षित, स्वच्छ र उपभोक्तामैत्री बनाउन व्यवसायीहरूमा कानुनको पालना गर्दै स्वच्छ खाना उपलब्ध गारउनुपर्छ ।' महानगरले प्राविधिक र स्वच्छता मिठाइ व्यवसायसँग सम्बन्धित कानुनी प्रावधान, व्यवसाय सञ्चालनका क्रममा अपनाइने अभ्यास, खाद्य स्वच्छता कायम राख्ने तरिका, मिठाइमा प्रयोग गरिने रङ र सामग्री, बिक्री-वितरण र प्रशोधनस्थलको अवस्था, आवश्यक भौतिक संरचना, लेबलिङ प्रक्रिया परीक्षण आदिबारे विस्तृत प्रशिक्षण समेत दिइसकेको छ ।

महानगरका खाद्य स्वच्छता तथा गुणस्तर कार्यक्रमका सल्लाहकार सन्तोष गिरीका अनुसार महानगरले व्यवसाय सुधारका लागि सशक्तीकरण, अनुगमन र नियमनलाई विशेष प्राथमिकता दिएको छ । महानगरले मिठाइ व्यवसायीहरूमा स्वच्छता र गुणस्तरप्रतिको चेतना बढाउने अपेक्षासमेत गरेको छ । आगामी दिनमा यस्ता क्षमता अभिवृद्धि कार्यक्रमलाई नियमित रूपमा निरन्तरता दिने योजना बनाएको छ । अन्य समयमा कहिलेकाहीँ मात्रै बजार अनुगमन गर्ने कामपाले चाडपर्व लागेसँगै बजार अनुगमन नियमित रूपमा गरिरहेको छ ।

केही दिनअघि नयाँ बानेश्वर क्षेत्रमा रहेका साना होटेल तथा रेस्टुराँ व्यवसायमा अनुगमन गर्दा अधिकांश व्यवसाय मापदण्डविपरीत सञ्चालनमा रहेका पाइएको पनि महानगरले जानकारी दिएको छ । प्रमुख न्यौपानेका अनुसार कानुनविपरीत सञ्चालन गरिएको व्यवसायलाई नियमअनुसार आउन निर्देशन दिइएको र अटेर गरे कानुनबमोजिम कारबाही गर्ने चेतावनी दिएको छ । प्रमुख नुरनिधि न्यौपानेका अनुसार संक्रमण सानो लापारबाहीबाट पनि फैलिन सक्ने भएकाले सरसफाइमा ध्यान दिनु व्यवसायीकै हितमा पर्छ । उनी भन्छन्, 'महानगर अनुगमन गरेर व्यवसायीलाई तर्साउन चाहँदैन, सबैले आफ्नो कर्तव्य र जिम्मेवारी नबिर्सौं, सरसफाइमा ध्यान दिनु उपभोक्ता र व्यवसायी दुवैको फाइदाको कुरा हो ।'

# पशुपति क्षेत्रको नामकरणमा 'विकास' को ठाउँमा संरक्षण र संवर्द्धन राख्न माग

■ सौर्य समाचार




काठमाडौं । पशुपति क्षेत्र विकास कोषको नामाकरणमा 'विकास' लेखिएको स्थानमा संरक्षण र संवर्द्धन शब्द राखे मात्र यसको सोचअनुसार काम हुनसक्नेमा यस क्षेत्रका विज्ञहरूले जोड दिएका छन् । धार्मिक, सांस्कृतिक पत्रकार समाज, नेपाल (रेक्जोन) ले २०४४ सालमा कोष गठन हुँदा पहिलो कार्यकारी प्रमुख भई काम गरेका देवीप्रसाद चापागाईंले शनिबार आयोजित साक्षात्कार कार्यक्रममा कोषको नाममा 'विकास' शब्द राखिएकाले पुरातात्विक महत्त्वका संरचना पनि जथाभावी रूपमा भत्काएर बनाउनतर्फ मात्र ध्यान गएको बताए । मूल मन्दिरअघिको पश्चिम भागमा रहेको धार्मिक, सांस्कृतिक एवं पुरातात्विक महत्त्वको आँगमघर पनि अन्यत्र सारेर विकास गरेजस्तो मात्र देखाइएको उनले धारणा राखे ।

'उक्त नाममा संरक्षण र संवर्द्धन राखिएको भए धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्त्वका यस्ता संरचना जोगाउनतिर ध्यान जाने थियो, विकास नाम राखिएकाले भत्काएर बनाउनतिर मात्र ध्यान गएजस्तो छ, म कार्यकारी प्रमुख हुँदा यस्ता काम भएको थिएन,' पूर्वकार्यकारी प्रमुख चापागाईंले भने । त्यसबेला सञ्चालक परिषद् र कार्यकारी समिति बेग्लाबेग्लै बनाएर व्यवस्थित गरिएकामा यो संरचना २०४९ सालपछि बिगारिएको उनले जानकारी गराए । परिषद्ले नीति निर्माण र कार्यकारी समितिले नीतिनियम कार्यान्वयन गर्दथ्यो । २०४९ सालपछि भने सञ्चालक परिषद्ले नीतिनियम पारित गर्ने र कार्यान्वयन पनि गर्नेगरी व्यवस्था गर्दा केही समस्या आएको आफूले अनुभव गरेको उनले बताए । हजारौं वर्षदेखिको इतिहास भएको द्वादश ज्योतिर्लिंगको पनि शिर पशुपतिनाथको विश्वभरका हिन्दूमाझ प्रचारप्रसार गर्नसके नेपालमा धार्मिक पर्यटन प्रवर्द्धन गर्न सकिने भएकाले पशुपति क्षेत्रलाई व्यवस्थित गरिनुपर्ने पूर्वकार्यकारी प्रमुख चापागाईंको भनाइ थियो । समाजका अध्यक्ष पूर्णप्रसाद मिश्रले द्वादश ज्योतिर्लिंगको दर्शन गरिसकेपछि पशुपतिनाथको दर्शन नगरे मनोकामना सिद्ध हुँदैन भन्ने धार्मिक आस्थाका आधारमा विश्वभरका वैदिक सनातन धर्मावलम्बीले जीवनमा एकपटक पशुपतिनाथ आउन चाहने बताए । उनले यसअनुसार प्रचारप्रसारका साथै भौतिक एवं सांस्कृतिक संरचनाको निर्माण नभएकाले यस्तो बहस सुरु गरिएको उल्लेख गरे ।

यो बहसलाई कोषको कार्यकारी प्रमुख भई काम गरेका अन्य पदाधिकारीसम्म पनि विस्तार गरिने समाजले जनाएको छ । धार्मिक तथा सांस्कृतिक क्षेत्रलाई व्यवस्थित गर्न सरोकार भएका निकायका अधिकारीहरूलाई यस्ता बहसमा समावेश गराइँदै लगिने पनि सो अवसरमा जानकारी गारइएको थियो ।

# प्रत्यक्ष कार्यकारीको 'बटमलाइन' पूरा नभएसम्म जेनजीको ढुंगाना समूह चुनावमा नजाने



■ सौर्य समाचार

काठमाडौं । जेनजी आन्दोलनका अगुवा मिराज ढुंगाना समूहले प्रत्यक्ष कार्यकारीको 'बटमलाइन' पूरा नभएसम्म निर्वाचनमा भाग नलिने जनाएको छ । नयाँ बानेश्वरमा शनिबार पत्रकार सम्मेलनमार्फत आफ्ना 'एजेन्डा' सार्वजनिक गर्दै जेनजी पुस्तालाई गोलबन्द गर्न राजनीतिक दल गठन गरे पनि प्रत्यक्ष कार्यकारी शासकीय स्वरूप र विदेशमा रहेका नेपाली नागरिकलाई मतदानको व्यवस्था हुनुपर्ने आफ्नो 'बटमलाइन' पूरा नभएसम्म चुनावमा सहभागी नहुने बताए । उनले भ्रष्टाचार नियन्त्रणका लागि नागरिकस्तरीय छानबिन समिति गठन र आर्थिक रूपान्तरणको स्पष्ट नीति अख्तियार गरिनुपर्नेमा जोड दिए ।

जेनजी प्रदर्शनलाई दिशाहीन हुन नदिन राजनीतिक दल गठन गर्ने निष्कर्षमा पुगिएको जनाउँदै ढुंगानाले पार्टीको नामबारे सुझाव लिने काम भइरहेको बताए । 'भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनलगायत मुद्दाका लागि निरन्तर लड्छौं, जेनजीको बलिदानलाई खेर जान दिँदैनौं,' उनले भने, 'देश विकासमा सामूहिक प्रतिबद्धता र सहकार्यको आवश्यकता छ । आर्थिक समृद्धिलाई साझा संकल्प बनाउन सबैलाई हाम्रो आग्रह छ ।' स्वदेशमा रोजगारीका अवसर नहुँदा लाखौं युवा विदेशिनुपरेको र देश विकासमा लाग्नुपर्ने ऊर्जावान शक्ति विदेश पलायन हुँदा मुलुक आर्थिक रूपले कमजोर बनेकाले यस्ता विषयमा सरकार जिम्मेवार हुनुपर्ने ढुंगानाको भनाइ छ ।

'बन्द कलकाखाना तुरुन्त सञ्चालनको प्रक्रिया अघि बढाउनुपर्छ, रोजगारीको सिर्जना गर्नुपर्छ । पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन गर्नुपर्छ,' आफ्नो समूहको अवधारणाबारे स्पष्ट पार्दै उनले भने, 'छिमेकमा २ ठुला जनसंख्या भएका मुलुक छन्, त्यसलाई लक्षित गरेर उत्पादन वृद्धि गर्नुपर्छ ।'


## Surunga Municipality
### Office of the Municipal Executive
Saptari, Madhesh Province,Nepal

**Invitation for Electronic Bids**

Date of 1st publication-10-19-2025 (02/07/2082)

Surunga Municipality invites electronic bids from eligible bidders for the Supply & Delivery of Free Essential Medicine Materials Sealed Quotation Bidding – Single Stage Bidding procedures. Eligible bidders with the specified key qualifications should participate in this bidding. Further information may be obtained from www.surungamun.gov.np or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

Details of Goods

| Contract Identification No. | Name of Works | Estimated Amount without Vat, NRs | Bid Security Amount NRs. | Cost of Bidding Document |
|---|---|---|---|---|
| SRNG-SAPT-G-SQ -08-082-83 | Supply & Delivery of Free Essential Medicine Materials for Basic health Centre, inside Surunga Municipality , Saptari | 1865000.00 | 47000.00 | 1000.00 |

Chief Administrative Officer



## तुर्माखाँद गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
तुर्माखाँद, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

**बोलपत्र आह्वानको सूचना**

(प्रथम पटक प्रकाशन मितिः२०८२।०७।०२ गते )

यस गाउँपालिकाको बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत E–Bidding मार्फत तपसिल बमोजिमको सार्वजनिक खरिद कार्य गर्नुपर्ने भएकोले तपसिल कार्य गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| ठेक्का नं. | विवरण | बोलपत्र फारम दस्तुर | जमानत रकम | खाता विवरण |
|---|---|---|---|---|
| TRM/NCB/W/R/ 01/2082-083 | Rahapha Bhulu Road Construction. | 3,000/- | 2,20,000/- | १) आन्तरिक राजस्व खाताः ०७९०१०१७५००५२८ १) धरौटी खाताः ०७९०१०१७५००५४३ बैंकः Nabil Bank, Turmakhad Branch |
| TRM/NCB/W/B/ 02/2082-083 | 5 Number Ward Office Building Construction | 3,000/- | 4,90,000/- | |

यो सूचनाको विस्तृत जानकारी का लागि PPMO को Website: www.bolpatra.gov.np/egp बाट Download गरि प्राप्त गर्न सकिने छ वा यस गाउँपालिकाको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ ।

प्रमुख प्रशासकिय अधिकृत
तुर्माखाँद गाउँपालिका



## Barahapokhari Rural Municipality
### Office of Rural Municipal Executive
Baghkhor Bhanjyang, Khotang
Koshi Province, Nepal

**Invitation for Electronic Bids**

Date of First Publication: 2082/07/02 (A.D. 2025/10/19)

1. ***Barahapokhari Rural Municipality, Baghkhor Bhanjyang, Khotang*** invites electronic bids from eligible bidders for the following work under NCB & Sealed Quotation Procedures specified in Public Procurement Act and Regulation for the following works.

| S.N | Contract ID No. | Name of the Project | Estimated Amount With VAT & PS (NRs.) | Key Qualification Requirement | Bid Security Amount (NRs) | Bid Validity Period/ Bid Security Validity Period | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|---|---|
| 1 | BPRM-KHOTANG-NCB-WORKS-RT-07-2082/083 | Construction of River Training Works and Related Structures at Serakhet, Barahapokhari R.M-05, Khotang | | Minimum average annual construction turnover of best 3yrs within last 10 years: NRs. 1,25,00,000.00 (Without VAT). Experience: At least One (1) Contarct of River Training Construction Works within the last ten (10) years with a value of at least NRs. 1,03,50,000.00 without VAT that have been successfully or are substantially completed. | 6,50,000.00 | 90/120 Days | 5000.00 |
| 2 | BPRM-KHOTANG-NCB-WORKS-ROAD-06-2082/083 | Upgrading of Barahapokhari Taal-Rakuli- Sintang Road, Barahapokhari R.M. 01, Khotang | NRs. 2432036.02 | - | 55,000.00 | 90/120 Days | 3000.00 |
| 3 | BPRM-KHOTANG-SQ-WORKS-BUILDING-05-2082/083 | Construction Of Wall And Finishing Works Of Jyu Ma Vi School Building Barahapokhari RM-02, Khotang. | NRs. 1745985.86 | - | 45,000.00 | 45/75 Days | 1000.00 |

2. Submission, Pre-bid and Opening of bids:

| Last Date of Submission of Bid | Date and Time for Bid Opening | Date and Time for Pre- Bid meeting |
|---|---|---|
| Date:2082/08/04(A.D. 2025/11/20) Time:Before 12:00 Hrs Noon (For NCB Procedure) | Date:2082/08/04 (A.D. 2025/11/20) Time:2:00 Hrs Noon (For NCB Procedure) | Date:2082/07/23 (A.D. 2025/11/09) Time:1:00 Hrs Noon (For NCB Procedure) |
| Date:2082/07/18 (A.D. 2025/11/04) Time:12:00 Hrs Noon (For Sealed Quotation Procedure) | Date:2082/07/18 (A.D. 2025/11/04) Time:1:00 Hrs Noon (For Sealed Quotation Procedure) | - |

3. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of ***Barahapokhari Rural Municipality, Baghkhor Bhanjyang, Khotang, Phone No 9852849903, Email Id: info@barahapokharimun.gov.np or may visit PPMO e-GP system ww.bolpatra.gov.np/egp.***
4. Matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063 and public procurement regulation, 2064 and other prevailing rule and regulations of Nepal.

Chief Administrative Officer